☎:०७१-५६०२३०

तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही

५नं. प्रदेश, नेपाल

प.सं.०७६।०७७

च.नं. २९२५

मिति:२०७६।०९।२८

श्री वडा कार्यालय सबै

तिलोत्तमा नगरपालिका

विषय:टोल विकास संस्थाको विवरण उपलब्ध गराई दिनु हुन ।

प्रस्तुत विषयमा तहाँ वडामा गठित टोल विकास संस्थाहरुको लागी टोल विकास संस्था संचालन अनुदान कार्यविधि २०७५ बमोजिम संस्थाको काम, कियाशिलताको आधारमा अनुदान वितरण गरीने भएकोले ७ दिन भित्र सामाजिक विकास शाखामा कियाशिल टोल विकास संस्थाहरुको विवरण उपलब्ध गराई सहयोग गरी दिनु हुन अनुरोध छ ।

प्रदीप खनाल

अधिकृत स्तर (सातौं)

Website : tilottamamun.gov.np Email : tilottamamun@gmail.com

Scanned by CamScanner

निर्णय नं.-१३

- यस नगरपालिकाबाट प्रवाह हुने सेवा र सम्पादित कामको तोकिएका सूचना र मापदण्डका आधारमा आवश्यक अध्ययन गरी ISO Certificate दिलाउन चरणवद्ध रुपमा आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.-१४

- सडक मर्मत सम्बन्धमा छलफल हुँदा प्राविधिक समितिबाट उपलब्ध स्रोत र छलफलका लागि पेश भएका योजनाहरुको सम्बन्धमा थप गृहकार्य आवश्यक देखिइकोले प्राविधिक समितिलाई पुनः विश्लेषण गर्न लगाई अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-१५ विविध (क)

- टोल विकास संस्था संचालन कार्यविधि, २०७४ लाई देहाय अनुसार संशोधन गरियो ।

| साविकको व्यवस्था | संशोधन पछिको | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ३ को उपदफा (२) पहिलो पटकका लागि वडा समितिबाट टोल विकास संस्था गठन योजनाका लागि व्यापक भेला आयोजना गरी अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको टोल विकास कार्यसमिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारणसभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूनर्गठन हुनेछ । टोल विकास कार्यसमितिको अवधि दुई वर्षको हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य महिला हुनुपर्नेछ । | दफा ३ को उपदफा (२) पहिलो पटकका लागि वडा समितिबाट टोल विकास संस्था गठन योजनाका लागि व्यापक भेला आयोजना गरी अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्यसमिति गठन हुनेछ । तर दोस्रो पटको हकमा यस्तो कार्य समिति साधारणसभाको सर्वसम्मत वा सो नभएकमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि दुई वर्षको हुनेछ । कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य महिला हुनुपर्नेछ । | दुई वर्षे कार्यकाल छोटो रहेकाले संस्थामा रहेका व्यक्तिहरुको अनुभव भरपुर उपयोग गर्ने समयावधि कम भएकाले । |

साथै, संचालन अनुदान वापत पेश्की स्वरुप टोल विकास संस्थामा संलग्न घरधुरी, सिर्जनशीलता र क्रियाशिलताको आधारमा टोल विकास संस्थाहरुलाई विनियोजित रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-१५ विविध (ख)

- नेपाल बार एशोसिएशन मानव अधिकार राष्ट्रिय गोष्ठी नेपालका सम्पूर्ण कानून व्यवसायीहरुको सहभागीतामा मिति २०७६ साल मंसिर २४ र २५ गते बुटवलमा सम्पन्न भएको र उक्त

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



वासुदेव घिमिरे

Scanned by CamScanner